नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: (स्थानीय प्रशासन) ०८३/८४

मिति: २०८३/०५/१७

## धार्मिक, सांस्कृतिक तथा मेला-महोत्सवहरूमा शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना।

यस जिल्ला प्रशासन कार्यालय, मोरङमा पछिल्लो समय धार्मिक अनुष्ठान, धर्म-संस्कृति, रीतिरिवाज, परम्परागत पूजा-आजा तथा विभिन्न मेला-महोत्सव सञ्चालनका क्रममा शान्ति सुरक्षा प्रबन्ध मिलाइपाऊँ भनी निवेदन प्राप्त हुने गरेको छ। नागरिकको सांस्कृतिक तथा धार्मिक स्वतन्त्रताको सम्मान गर्दै समग्र जिल्लाको शान्ति सुरक्षा, अमनचयन एवम् उपलब्ध सुरक्षा जनशक्तिको सन्तुलित परिचालनलाई ध्यानमा राखी कुनै पनि धर्म, रीतिरिवाज, परम्परा वा मेला-महोत्सवका नाममा सञ्चालन हुने कार्यक्रमका लागि तपसिल बमोजिमका शर्तहरू रहने गरी सुरक्षा सहजीकरण अधिकतम १ (एक) दिनका लागि मात्र प्रदान गरिने व्यहोरा सम्बन्धित सबै आयोजक सहआयोजक तथा आम नागरिकका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. कार्यक्रम स्थलको आन्तरिक सुरक्षा व्यवस्था आयोजक आफैंले मिलाउनु पर्ने।
२. कार्यक्रम स्थलको ५०० मिटरको वरिपरि क्षेत्रमा मदिराजन्य पदार्थ तथा घरेलु हतियार प्रवेशमा निषेध गर्ने।
३. मादक पदार्थ सेवन गरी कार्यक्रम स्थल प्रवेश गर्न नदिने।
४. आवासीय क्षेत्रमा, यस कार्यालयबाट मिति २०८३/०४/१४ मा यस कार्यालयको वेवसाइटमा प्रकासित सूचना अनुसार ध्वनी प्रदुषण हुने गरी कार्यक्रम गर्न नपाइने।
५. वालश्रमिक प्रयोग गर्न नपाइने।
६. भुईचम्पा, पटका तथा प्रज्वलनशिल पदार्थ कार्यक्रम स्थलमा प्रयोग गर्न नपाइने।
७. तास, जुवा, हाउजी, डाइस/लङ्गुरबुर्जा, सट्टावाजी, रुलेट लगायत कुनैपनि पैसाको हारमार हुने जुवाजन्य खेलहरु खेलाउन नपाउने।
८. शान्ति सुरक्षामा खलल पुग्ने क्रियाकलाप भएमा जुनसुकै समयमा पनि उक्त कार्यक्रम बन्द गर्न सकिने।
९. जिल्ला प्रशासन कार्यालयको पूर्वस्वीकृति लिई स्थानीय सुरक्षा निकायसँगको समन्वयमा कार्यक्रम संचालन गर्ने ।
१०. यातायात आवागमन तथा विद्यालयको पठन पाठनमा वाधा नपुग्ने गरी कार्यक्रम संचालन गर्ने।
११. परम्परा, रितिरिवाज धार्मिक तथा सामाजिक सहिष्णुतामा खलल पुग्ने गरी उश्रृङ्खल, अश्लिल तथा भड्किलो प्रस्तुति नगर्ने।
१२. सांगितिक कार्यक्रम/मेला/महोत्सवमा लाग्ने संगीत रोयल्टी बुझाउने व्यवस्था मिलाउने।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: (स्थानीय प्रशासन) ०८३/८४

१३. प्रचलित कानून बमोजिम तोकिएको करहरु सम्बन्धित निकायमा बुझाउने व्यवस्था मिलाउने।

१४. जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृति नलिई प्रवेश शूल्क लिई कार्यक्रम संचालन गर्न नपाईने।

१५. तोकिए वमोजिम वाहेक प्रचलित कानूनको- वर्खिलाप हुने गरी कार्य गरे,गराएमा आयोजक जिम्मेवार हुने गरी कानून वमोजिम कारवाही हुने।

१६. स्थानीय प्रशासनबाट अनुगमन तथा निरीक्षण हुँदा कार्यक्रम संचालनमा माथी उल्लेखित शर्तहरू तथा कानुन विपरितका काम कारवाही भएको पाइएमा तुरुन्त वन्द गर्न सकिने।

२०८३।८।१६

पवन राज कोइराला
सहायक प्रमुख जिल्ला अधिकारी